प्रदेश सरकार
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
बागमती प्रदेश
हेटौंडा

## आ.व. २०७८/७९ को कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन

कृषि विकास निर्देशनालय मातहतका कृषि ज्ञान केन्द्रहरु, फार्म केन्द्रहरु एवं प्रयोगशालाहरुले आगामी आ.व. २०७८/७९ को बार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्दा निम्नानुसारका मार्गदर्शनलाई आधार बनाई प्रस्ताव गर्नुपर्नेछ ।

- नेपालको संविधानमा कृषि क्षेत्रसंग सम्बन्धित प्रावधानहरु, कृषि नीति २०६१, पन्ध्रौं आवधिक योजना (२०७६/७७ - २०८०/८१), बागमती प्रदेश, पहिलो आवधिक योजना (२०७६/७७– २०८०/१), संयुक्त राष्ट्र संघबाट पारित दिगो विकासका लक्षहरु, कृषि विकास रणनीति २०७२, खाद्य तथा पोषण सुरक्षाको स्थिती सुदृढ गर्न MultiSectoral Nutrition Plan (MSNP), Food and Nutrition Security Action Plan (FNSP) and Zero Hunger Challenge Initiative 2025 लगायतका दस्तावेजहरुमा उल्लेखित दिर्घकालीन सोच, उद्देश्य, लक्ष, रणनीति र प्राथमिकताभित्र रहेर लिएका निर्दिष्ट लक्षहरु हासिल गर्न प्रत्यक्ष योगदान पुग्ने गरी कार्यक्रम तर्जुमा गर्ने।
- आगामी आ.व. भित्र नै सम्पन्न गर्न सकिने, उच्च प्रतिफल दिने र तत्काल आर्थिक-सामाजिक लाभ प्राप्त गर्न सकिने चालु आयोजना/कार्यक्रमहरूलाई प्राथमिकता दिई वार्षिक कार्यक्रम प्रस्ताव गर्ने ।
- बजेट प्रस्ताव गर्दा लागत प्रभावकारिता र मितव्ययितालाई प्रमुख सिद्धान्तको रुपमा अवलम्बन गर्ने ।
- विश्व जगत नै महामारीले आक्रान्त भएको बेला महामारी पश्चातको Post-Pandemic Programs का कार्यक्रमहरु जस्तै रोजगारी सृजना र कृषि उत्पादन सामाग्री आपुर्तिको शुनिश्चितता हुने कार्यक्रमहरु तर्जुमा गर्ने।
- कार्यक्रम सञ्चालनमा पारदर्शिताका लागि सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरिक्षण, अनुदानको विवरण सार्वजनिकिकरण जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिने ।
- तीन तहका सरकारहरु बीच कार्यक्रममा दोहोरोपना नहुने गरी आपसी समन्वय, सहअस्तित्व एवं सहकार्यमा अभिवृद्धि हुने गरी परिपूरक तरिकाबाट कार्यकमहरु तर्जुमा गर्ने ।
- जिल्लाको सम्भाव्यताको आधारमा खाद्यान्न बाली, नगदे बाली, तरकारी खेती, फलफूल खेती आदिको क्षेत्रफल विस्तार, उत्पादकत्व बृद्धिका कार्यक्रमहरु तर्जुमा गर्ने ।
- प्रत्येक जिल्लामा कृषक परिचय पत्र प्राप्त गर्ने कृषकहरुलाई लक्षित गरी विशेष कार्यक्रमहरु सन्चालन गर्ने ।
- लक्षित वर्ग अन्तर्गत एकल महिला, महिला, सिमान्तकृत तथा पिछडीएका वर्ग, आर्थिकरुपमा विपन्न वर्गहरुको जिविकोपार्जनमा सुधारका कार्यक्रम तर्जुमा गर्ने।
- उत्पादन तथा उत्पादकत्व वृद्धिका उन्नत बीउ, सिंचाई जस्ता उत्पादनका आधारभुत सामाग्रीहरुमा पहुँच अभिवृद्धि हुने कार्यक्रमहरु प्रस्ताव गर्ने।

- सरकारी फार्म केन्द्रलाई कृषकको नमूना सिकाई थलोको रुपमा विकास गर्दै कृषकको माग अनुसारको बीउ/बेर्ना उत्पादन तथा प्रविधि विकास एवं प्रसारका लागि कार्यक्रमहरु प्रस्ताव गर्ने।
- सामुदायिक तथा निजीस्तरमा विभिन्न फलफूल नर्सरी श्रोत केन्द्रहरुको विकास एवं प्रवर्धनमा सहयोग पुर्याउने कार्यक्रमहरुको तर्जुमा गर्ने।
- खाद्य सुरक्षाको लागि बीउ सुनिश्चितता गर्न बीउ प्रतिस्थापन दरलाई सूचकका रुपमा लिई स्थानीय सम्भाव्यता अनुसार बीउबिजन आत्मनिर्भरमुखी कार्यक्रमहरु र बीउबिजन सम्बन्धी पूर्वाधार विकास कार्यक्रमहरु प्रस्ताव गर्ने।
- जमिन बाँझो राख्ने प्रचलनलाई निरुत्साहित गर्दै बाँझो जग्गा उपयोगमा ल्याउनका लागी प्राविधिक सेवासुविधा सहितका प्रोत्साहनका कार्यक्रम प्रस्ताव गर्ने।
- सामुहिक, सहकारी एवं करार खेतीलाई प्रवर्धन गर्ने तथा जग्गाको चक्लाबन्दीलाई प्रोत्साहन गर्ने कार्यक्रमहरु प्रस्ताव गर्ने।
- कृषिजन्य उत्पादन तथा उत्पादकत्व वृद्धिसंगै माटोको उर्वराशक्तिको दिगो व्यवस्थापनका लागी कार्यक्रमहरु प्रस्ताव गर्ने।
- स्थानीय सम्भाव्यता एवं बजार मागको आधारमा प्राङ्गारिक खेतीलाई प्रोत्साहन गर्ने कार्यक्रम प्रस्ताव गर्ने।
- कृषि जैविक विविधता, प्रकृतिक श्रोत र वातावरणको दिगो र प्रभावकारी संरक्षण, सम्वर्धन तथा सदुपयोगका लागि उपयुक्त कार्यक्रम प्रस्ताव गर्ने।
- जिल्लाको मौलिक पहिचान भएका कृषिजन्य बाली/वस्तुहरुको सम्भाव्यताका आधारमा कृषि उद्योग स्थापनामा टेवा पुग्ने कार्यक्रमहरू तर्जुमा गर्ने।
- कृषि बीमा तथा सहुलियतपूर्ण कृषि कर्जामा धेरै भन्दा धेरै कृषकहरुको सहज पहुँच एवं सहभागिता अभिवृद्धि गर्ने कार्यक्रमहरु प्रस्ताव गर्ने।
- उत्पादित कृषि उपजको प्रशोधन तथा बजारीकरणका लागि आवश्यक पुर्वाधार विकास तथा गुणस्तर नियन्त्रणका कार्यक्रमहरु तर्जुमा गर्ने।
- विदेशबाट फर्केका युवाहरूलाई व्यवसायिक तरकारी खेती, मौरी, च्याउ, फलफूल, प्लाष्टिक घरमा गोलभेडा खेती लगायतमा तालिम प्रदान गर्दै उनीहरूको मागमा आधारित क्रियाकलापमा सहयोग अभिवृद्धि गर्ने कार्यक्रमहरू तर्जुमा गर्ने।
- कृषि पेशामा रोजगारी सृजना हुन सक्ने किसिमका कार्यक्रमहरु तर्जुमा गर्ने।
- कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्नका लागि बजार तथा कृषकको मागमा आधारित कार्यक्रम तर्जुमा गर्ने।
- कृषक तथा बजारको आवश्यकता अनुसार हाइब्रीड तथा उन्नत जातका बीउको विस्तारका कार्यक्रमहरू संचालन गर्ने।
- कृषि प्रसार सेवालाई बढी भन्दा बढी कृषकहरुमा पुन्याउने कार्यहरुलाई व्यवसायिक कृषि उत्पादनका लागि प्रविधि प्रसार र बजारिकरणमा कृषकमैत्री आधुनिक सूचना तथा सञ्चार प्रविधि (मोबाइल एप्स, वेभसाइट, ई-मेल, मोबाइल एस.एम.एस लगायतका माध्यमहरु) को प्रयोगमा बृद्धिका लागि कार्यक्रम तर्जुमा गर्ने।
- कृषि उपजहरुको गुणस्तर नियमनका लागि आवश्यक पुर्वाधारहरु जस्तै विद्यमान प्रयोगशालाहरुको स्तरोन्नतिका लागि कार्यक्रम तर्जुमा गर्ने।

- विभिन्न निकायहरुबाट विक्रि वितरण हुने बीउ बिजन, बेर्ना, बिरुवाका गुणस्तर सुनिश्चितताको लागि उपयुक्त अनुगमन तथा नियमनका कार्यक्रमहरु तर्जुमा गर्ने।
- गुणस्तरीय मलखाद/विषादीको आपूर्तिको लागि प्रदेश एवं स्थानीयतह अन्तर्गतका कृषिसँग सम्बन्धित निकायहरुको समेत समन्वयमा नियमनका क्रियाकलापहरु संचालन गर्नको लागि आवश्यक कार्यक्रमको तर्जुमा गर्ने।
- प्रदेश अन्तर्गतका अन्य जिल्लाहरु र स्थानीय तहहरुले गरेका उत्कृष्ट कार्यहरु स्थानीय परिस्थिति अनुसार अन्य स्थानमा समेत अनुशरण गर्ने गरी कार्यक्रम तर्जुमा गर्ने।
- विगत वर्ष देखि सञ्चालनमा रहेका नमुना फार्म सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिने ।
- कार्यालय भवन तथा आवास भवनको सरसफाई र नमुनाका रुपमा फुलबारी तथा हरियालीको व्यवस्थापन गर्ने कार्यक्रम तर्जुमा गर्ने।
- फार्म केन्द्रहरुले भवन तथा अन्य भौतिक पुर्वाधारहरुको मर्मत सम्भार, सिंचाई, बारबन्देज, स्टोर, थ्रेसिङ फ्लोर, जाली घर तथा ग्रीन हाउस, सेड हाउस आदिको निर्माण तथा मर्मतका लागी कार्यक्रम तर्जुमा गर्ने ।
- फार्म केन्द्रहरुको आवश्यकता अनुसार कृषि यन्त्र औजार उपकरणहरु खरिदका कार्यक्रम तर्जुमा गर्ने।
- फार्म केन्द्रहरुलाई तोकिएका बाली विशेषका जर्मप्लाज्महरु Ecological belt अनुसार विभिन्न स्थानहरुबाट संकलन गरी मूल्यांकन, प्रत्येक जर्मप्लाज्मका जातिय गुणहरुको रेकर्ड राख्ने एवं सम्बर्धन गर्ने कार्यक्रम तर्जुमा गर्ने।
- विदेशबाट आयातित जर्मप्लाज्महरुको पनि अध्ययन, मुल्यांकन एवं सम्बर्धन गर्ने । उत्कृष्ठ देखिएका जातहरुको Ex-situ conservation गर्ने कार्यक्रम तर्जुमा गर्ने।
- फार्म केन्द्रहरुले फलफूल बोट बिरुवा उत्पादन कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने सायन तथा रुटस्टकहरुको लागी फार्म केन्द्रलाई आत्मनिर्भर बनाउने उद्देश्य लिई गुणस्तरीय माउबोटहरुको संकलन तथा सम्वर्धन गर्ने कार्यक्रम तर्जुमा गर्ने।
- एक वर्ष पछि सञ्चालन गरिने फलफूल कलमी बिरुवा उत्पादन कार्यक्रमलाई आवश्यक पर्ने रुटस्टक बिरुवा तयार गर्न सक्षम हुने किसिमले रुटस्टक उत्पादन कार्यक्रम राख्ने र यसको लागी आवश्यक पर्ने बीउको व्यवस्था प्रत्येक फार्म केन्द्रले समयमै मिलाउने कार्यक्रम तर्जुमा गर्ने।
- फार्मकेन्द्रलाई तोकिएको बाली विशेषलाई प्राथमिकता दिई गुणस्तरीय बीउ/बेर्ना/बिरुवा उत्पादन तथा वितरण गर्ने कार्यक्रम तर्जुमा गर्ने।
- टिस्युकल्चर प्रयोगशालाबाट उत्पादन गर्न सकिने माउबोट, रुटस्टक तथा बेर्नाहरुको उत्पादनमा प्राथमिकता दिई कार्यक्रम तर्जुमा गर्ने।
- फार्मकेन्द्रहरुले उत्पादन तथा वितरण लक्ष निर्धारण गर्दा प्रदेशस्तरको माग र आपूर्तिमा सामन्जस्यता हुने गरी कार्यक्रम तर्जुमा गर्ने।
- विभिन्न फलफूल, तरकारी एवं अन्य कृषि बाली बस्तुहरुको विकासमा देखिएका समस्याहरुको समाधानमुलक Adaptive तथा Action Research र नेपाल कृषि अनुसन्धान परिषद् तथा अन्य अध्ययन/अनुसन्धानमुलक संस्थाहरुसंगको समन्वय र सहकार्यमा Collaborative Research कार्यक्रमहरु तर्जुमा गर्ने।

- फार्म केन्द्रहरुलाई योजनाबद्ध तरिकाले माउबोट ब्लक, हटस्टक ब्लक, नर्सरी ब्लक, जर्मप्लाज्म संकलन सम्वर्धन ब्लक, उत्पादन ब्लक, अध्ययन परिक्षण ब्लक आदि ब्लकहरुमा विभाजन गरी भावी कार्यक्रमहरु भिन्दा भिन्दै सञ्चालन गर्ने कार्यक्रम तर्जुमा गर्ने।
- फार्म केन्द्रहरुको आम्दानी तथा खर्चको रेकर्ड हरेक ब्लकको उद्देश्य अनुरुप छुट्टाछुट्टै राख्ने कार्यक्रम तर्जुमा गर्ने।
- उत्पादन ब्लकलाई कृषक समक्ष नमूनाको रुपमा प्रवर्तित हुने गरी मुनाफा हुने किसिमले व्यवस्थापन गर्ने कार्यक्रम तर्जुमा गर्ने।
- प्रमुख बालीहरुको उत्पादन लागत विवरण समेत देखिने गरी लाभप्रद खेती योजना तयार पार्ने कार्यक्रम तर्जुमा गर्ने।
- फार्म केन्द्रहरुलाई अन्य सरकारी, गैरसरकारी तथा नीजि क्षेत्रहरुबाट सञ्चालन गरिने तालिमहरुको लागी श्रोतकेन्द्रहरुको रुपमा विकास गर्न तालिम सामाग्रीहरुको तयारी तथा संकलन गरी अद्यावधिक राख्ने कार्यक्रम तर्जुमा गर्ने।
- फार्मकेन्द्रहरुले आफ्नो कमाण्ड क्षेत्र भित्र आफ्नो उपस्थिति जनाउने खालका कार्यक्रमहरु तर्जुमा गर्ने।
- फार्मकेन्द्रहरुले कमाण्ड क्षेत्रका जिल्लाहरुमा तोकिएका बाली विशेषको विस्तारको लागी सर्भे सर्भेक्षण गर्ने र कृषि ज्ञान केन्द्रहरु तथा स्थानीय तहहरुसंगको समन्वयमा प्राविधिक सेवा प्रदान गर्ने कार्यक्रम तर्जुमा गर्ने।
- कमाण्ड क्षेत्रका नीजि नर्सरीहरुबाट गुणस्तरीय बिरुवा उत्पादन गर्नको लागी नियमित अनुगमन, नर्सरी व्यवस्थापन र सुदृढिकरणको लागी प्राविधिक सेवा टेवाका साथै माउबोट उपलब्ध गराउने कार्यक्रम तर्जुमा गर्ने।
- नीजिस्तरका कृषकको नर्सरी तथा बगैंचामा समेत गुणस्तरीय माउबोट पहिचान गरी सम्वर्धन तथ विस्तार गर्न सहयोग पुग्ने खालका कार्यक्रम तर्जुमा गर्ने।
- फार्मकेन्द्रहरुले बगैंचाको सुदृढिकरणका लागी पुराना, अनुत्पादनशील र रोगकीराग्रस्त फलफ बोटहरुलाई हटाई Pollinizer जातहरुको समेत ख्याल गर्दै Gap Filling गर्ने साथै आवश मात्रामा मलखाद, सुक्ष्म खाद्यतत्व, सिंचाई व्यवस्थापन, Heavy Training Pruning तथा Working को माध्यमबाट पुराना बोटहरुको Rejuvenation गर्न आवश्यक कार्यक्रम तर्जुमा गर्ने
- फार्म केन्द्रको लेआउट तयार गरी फार्ममा रहेका विभिन्न किसिमका बोट बिरुवाहरुको जानकारी प्रदर्शन गर्न ब्लकमा बोर्ड र बोट बिरुवाहरुमा टयागीङ्ग, लेबलिङ र नम्बरिङ Inventory तयार गर्ने कार्यक्रम तर्जुमा गर्ने।